# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर : ९६६

मिति: २०८३/०४/१९

श्री सम्बन्धित सामुदायिक तथा धार्मिक विद्यालयका शिक्षकज्यूहरु,
बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।

विषय: परिपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालयमा कार्यरत शिक्षकहरुले आफु कार्यरत विद्यालयबाहेक क्याम्पस, अन्य विद्यालय तथा शैक्षिक संस्थाहरुमा समेत अध्यापन गर्ने गरेको भन्ने वेहोराको गुनासो यस कार्यालयमा प्राप्त भएको हुँदा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को परिच्छेद २२ को नियम १३३ को उपनियम १ को खण्ड (ज) बमोजिम शिक्षकले आफू बहाल रहेको विद्यालय बाहेक अन्यत्र कार्य गर्नु परेमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोले सोही व्यवस्था बमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिई सोको जानकारी यस कार्यालयमा मिति २०८३ साउन मसान्तभित्र अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ । साथै उक्त व्यवस्था अनुसारको आचारसंहिता पालना नगरेको पाइएमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम आवश्यक कारबाही हुने बेहोरा समेत यसै पत्र मार्फत जानकारी गराइन्छ ।

अक्किराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय एकाइ, कपिलवस्तु ।
श्री सूचना तथा प्रविधि शाखा: यो सूचना कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन ।